# सामाजिक जवाफदेहिता: मिडिया र युवा संवाद

## विषयक कार्यक्रमको

# प्रतिवेदन



२०८२ साल मङ्सिर २६ गते

The United Nations sexual and reproductive health agency

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर

**पृष्ठभूमिः**

युवा विकासका लागि दीर्घकालीन रणनीतिक योजनाको भावना र मर्म बमोजिम नेपाल सरकार र सम्बद्ध पक्षले आफ्ना भूमिकाहरूलाई अगाडि बढाइरहेका छन् । यस कार्यको अगुवाइ राष्ट्रिय युवा परिषद् युवा परिषद्ले गरिरहेको छ । राष्ट्रिय युवा परिषद् युवा परिषद् ऐन, २०७२ अनुसार स्थापित स्वशासित सस्था हो । राष्ट्रिय परिषद्ले स्थापना कालदेखि नै विभिन्न युवा लक्षित कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । परिषद्ले 'युथ भिजन २०२५' ले निर्धारण गरेका युवा विकासका आधारशीलाको रूपमा विभिन्न पाँच क्षेत्रको पहिचान गरेको छ। उक्त पहिचान गरिएका पाँच क्षेत्रलाई युवा विकासका आधार स्तम्भ (Five Pillars) का रुपमा लिएर आफ्ना गतिविधिहरू सञ्चान गरिरेहेको छ । युवाको चौतर्फी विकास देशको समृद्धिसँग पनि जोडिएको छ । गुणस्तरीय र व्यावसायिक शिक्षा, रोजगारी, उद्यमशीलता र सीप विकास, स्वास्थ्य र सामाजिक सुरक्षा, युवा परिचालन, सहभागिता र नेतृत्व विकास तथा खेलकुद र मनोरञ्जन जस्ता क्षेत्रमा युवाको विकास गर्न आवश्यक रहेको छ ।

संयुक्त राष्ट्रसंघको तत्वावधानमा सेक्टेम्बर २०२४ मा भएको समिट अफ द फ्यूचरमा सहभागि राष्ट्रहरूले साझा विश्वव्यापी चुनौतीहरूको सामना गर्ने प्रतिवद्धता व्यक्त गरे । ती प्रतिवद्धताहरूमा मुलत पाँचवटा क्षेत्रमा प्रतिवद्धताको रुपरेखा कोरिएको थियो । यी पाँचवटा क्षेत्रमा (१) दिगो विकासका लागि वित्तीय व्यवस्थापन, (२) अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा, (३) विज्ञान प्रविधि नवप्रवर्तन डिजिटल सहकार्य, (४) युवा र भविष्यका पुस्ताहरू, (५) विश्व शासनको रुपान्तरण रहेका छन् । युवा र भविष्यका पुस्तालाई एउटा केन्द्रीयस्तम्भको रुपमा स्वीकार गर्दै यस सम्मेलनले निर्णय प्रक्रियामा युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित हुनुपर्ने र आजको क्रियाकलापले भविष्यको पुस्तालाई असर गर्न नहुने कुरा सुनिश्चित हुनुपर्ने कुरामा जोड दिएको छ । सामाजिक उत्तरदायित्व हामीले हाम्रो वरपरको संसारलाई बुझ्ने प्रयास गर्नु र यसलाई राम्रो ठाउँ बनाउन योगदान पुऱ्याउने तरिकाहरू खोज्नु भएकाले यसमा मिडिया र युवाको अहं भूमिका रहन्छ । यसै सन्दर्भमा राष्ट्रिय युवा परिषद्ले युएनएफपिएको सहयोगमा जेनजी आन्दोलनपश्चात्को अवस्थालाई समेत ध्यान दिएर २०८२ मङ्सिर २६ गते ललितपुरको होटेल हिमालयमा 'सामाजिक जवाफदेहिता : मिडिया र युवा संवाद' विषयक अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको छ ।

**कार्यक्रमको उद्देश्य :**

१. विद्यमान अवस्थामा युवा र मिडियाको अन्तरसम्बन्धको मापन गरी एकापसमा मुद्धाको पहिचान गरी युवाहरूलाई राष्ट्र निर्माणको बाटोमा केन्द्रित गराउनु ।

२. मिडियामा के कस्ता समाचार र सूचना सम्प्रेषण आएका छन् र तिनले युवा र जवाफदेहिताको मुद्धालाई कसरी आत्मसात् गरेका छन् भन्ने विषयमा विमर्श गर्नु ।

३. 'सामाजिक जवाफदेहिता : मिडिया र युवाका विषयमा सरोकार भएका पक्षहरूको साझा बुझाइ तयार गरी आगामी दिनमा चालिनुपर्ने कदमबारे सुझाव सङ्कलन गर्नुछ ।

**सहभागीको छनोट प्रक्रिया :**

कार्यक्रमका लागि सरकारी सम्बद्ध निकाय र साझेदार संस्थाका पदाधिकारी तथा प्रतिनिधिसहित समावेशीताका आधारमा विभिन्न क्षेत्रमा कार्यरत युवा, पत्रकारिता तथा आमसञ्चारका क्षेत्रमा अध्यापन र कार्यरत वरिष्ठ एवं अग्रज सञ्चारकर्मी र राष्ट्रिय सञ्चारमाध्यमका प्रतिनिधि गरी करिव ५० जनाको सहभागिता गराइएको थियो ।

**कार्यक्रम सञ्चालन पद्धति र सार**

कार्यक्रम दुई सत्रमा सञ्चालित थियो । थालनी सत्र र विषयगत छलफलसत्र सञ्चालन भएको कार्यक्रम अन्तर्क्रियात्मक रहेको थियो । कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल प्रमुख अतिथिका रुपमा उपस्थित रहनुभएकाले उहाँको विशेष सम्बोधन भएको थियो । राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष सुरेन्द्र बस्नेतको अध्यक्षता तथा परिषद्का प्रशासकीय प्रमुख गेहनाथ गौतमको स्वागत तथा विषय प्रवेश मन्तव्यबाट आरम्भ भएको कार्यक्रममा पहिलो सत्रमा त्रिभुवन विश्वविद्यालयका पत्रकारिता तथा आमसञ्चार विषयका उपप्राध्यापक लेखनाथ पाण्डेले Youth and Media for Advancing Social Accountability विषयमा प्रस्तुतिकरण गर्नुभएको थियो । प्रस्तुतिकरणमा युवाबारे राष्ट्रिय-अन्तर्राष्ट्रिय मान्यता, राष्ट्रसङ्घीय अवधारणा, युवाको पहुँच, नीतिगत तहमा सहभागिता र समावेशीता, दीगो विकासका लक्ष्यहरु उल्लेख गरिएको छ । कार्यपत्रमा नेपालका ५६ प्रतिशत जनसङ्ख्या ३० वर्ष उमेरभन्दा कम रहेको, विभिन्न जनआन्दोलनहरुको अगुवाइ युवाहरुले गरेको र हालको जनगणना अनुसार १६ देखि ४० वर्ष उमेरका जनसङ्ख्या ४२ दशमलव ५ प्रतिशत रहेको तथा युवाहरुले राजनीतिमा चासो दिन थालेसँगै गत भदौ २३ र २४ गते जेनजी आन्दोलन भएको सन्दर्भहरू स्मरण गराइएको छ । नेपाली राजनीति तथा संवैधानिक निकायहरुमा पुरानो पुस्ताको हावी हुनु, ग्रामीण क्षेत्रमा युवाहरु झन् कम हुन पुग्नु, मिडियाहरुले तथ्यमूलक, अनुसन्धानमुखी र युवाप्रधान सामग्री कम दिने स्थिति हुनुका परिवेशहरु औंल्याइएको प्रस्तुतीकरणमा जेनजी आन्दोलनपूर्व मिडियाले त्यस प्रकारको कुनै पूर्वानुमान गर्नसमेत नसकेको टिप्पणी गरिएको छ । मिडियाहरुले 'टिन एज' समूहदेखिकै चाहना र भावनालाई समाचारीय स्टोरीहरुमा समावेश गर्दै मुलुकको समृद्धिको ढोका खोल्न योगदान दिनुपर्ने उपप्रधाध्यापक पाण्डेको आग्रह थियो ।

उक्त प्रस्तुतिमाथि राष्ट्रियसभाका सदस्य एवं जनसङ्ख्या एवं विकासका लागि संसदीय सञ्जालका महासचिव गङ्गाकुमारी बेलवासे, युवा तथा खेलकुद मन्त्रालयका सहसचिव मनिता श्रेष्ठ, संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या विकास कोषका नेपाल प्रतिनिधि श्रीराम हरिदास मन्तव्य व्यक्त गर्नुभएको थियो ।

संवादको दोस्रो सत्रमा नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्मा, त्रिभुवन विश्वविद्यालयका पत्रकारिता तथा आमसञ्चार विषयका उपप्राध्यापक डा जगत नेपाल, पत्रकार टीकाराम यात्री र जेनजी अभियन्ता राजेन्द्रप्रसाद अधिकारी प्यानलिष्टका रुपमा रहनुभएको थियो । दुवै सत्रको सहजीकरण सञ्चारकर्मी सम थापाले गर्नुभएको थियो ।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले हरेक कार्यक्रममा युवापुस्तालाई समेट्नुपर्नेमा जोड दिएका छन् । साथै उनले जेनजी आन्दोलनलाई छाडेर गरिने कुनै पनि संवाद र

कार्यक्रम अपुरो हुने बताउनुभएको थियो । मन्त्री खरेलले गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनलाई सरकार र जेनजी प्रतिनिधिबिचको सम्झौतामा जनआन्दोलनको मान्यता दिइसकिएकाले त्यस आन्दोलनलाई कसैले पनि नजरअन्दाज गर्न नमिल्ने बताउनुभएको हो । उहाँले "अबको समय मात्रै होइन, हिजो र भोलिको समय पनि युवाकै हो । युवाले केही गर्न सक्दैनन् भन्ने भ्रम जेनजी आन्दोलनले तोडिदिएको छ । उनीहरूले परिवर्तनका लागि बलिदान दिन सक्छन् भन्ने देखाएका छन् । हरेक चरणका आन्दोलनमा युवाको भूमिका रहँदै आएको छ । युवाले चाहेमा २७ घण्टामा कायापलट हुन सक्छ भनेर प्रमाणित गरे तर यसपटक जेनजीहरू सरकारमा आउन चाहेनन् । त्यसकारण यो निःस्वार्थ आन्दोलन हो । उनीहरू आफू सत्तामा आउन चाहेनन्। सुशासन र रोजगारीको माग मात्रै गरे थिए ।'' भन्नुभएको थियो । उहाँले जेनजी आन्दोलनलाई छाडेर गरिने कुनै पनि संवाद अपुरो हुने भन्दै युवा नेतृत्वमा आउनुपर्नेमा जोड दिनुभयो । मन्त्री खरेलले नेपाली राजनीतिमा अब युवाको दबदबा हुनेवाला भएको र त्यसलाई कसैले रोकेर नरोकिने भनाइ व्यक्त गर्नुभयो ।

छलफलसत्रमा मिडियाले किन युवाहरुलाई स्थान दिन सकिरहेका छैनन् ? यसलाई बढाउने उपायका लागि के गर्नुपर्ला ? राजनीतिक मुद्धाहरुले किन बढी स्थान पाउँछन् ? पत्रकारहरु नै दलीय झुकावमा किन लाग्छन् ? या कुनै दल या नेतालाई केन्द्रमा राखेर समाचारीय काम गर्दैमा ती पत्रकारलाई ती दल निकटको आरोप लगाउन मिल्छ ? जस्ता विषयमा सवाल जवाफ भएको थियो । कार्यक्रममा सञ्चारकर्मीले मिथ्या सूचना प्रवाह रोक्न भूमिका निर्वाह गर्नुपर्ने, युवाहरुका सकारात्मक काम, नवप्रवर्तनलाई उच्च महत्व दिनुपर्ने, युवाहरुलाई राष्ट्र निर्माणका लागि प्रेरित हुने खालका सामग्री सम्प्रेषण गर्नुपर्ने र युवाहरुमा पठन संस्कृति तथा राजनीतिप्रति चासो कायमै रहनुपर्ने जस्ता विषयमा सुझाव दिइएको थियो ।

**कार्यक्रमको मुख्य प्राप्ति :**

वक्ताहरूले सञ्चार क्षेत्रमा विश्वसनीयता र खोजी समाचारलाई महत्व दिन पनि आग्रह गरेका छन् । यी भनाइहरूका आधारमा तपसिलका निष्कर्षहरू निकालिएको छ :

१. विद्यमान अवस्थामा युवा र मिडियाको अन्तरसम्बन्धको मापन गरी एकापसमा मुद्धाको पहिचान गरी युवाहरूलाई राष्ट्र निर्माणको बाटोमा केन्द्रित गराउन आवश्यक रहेको छ ।

२. मिडियामा के कस्ता समाचार र सूचना सम्प्रेषण आएका छन् र तिनले युवा र जवाफदेहिताको मुद्धालाई कसरी आत्मसात् गरेका छन् भन्ने विषयमा समय समयमा सरोकार भएका पक्षचि विमर्श गरी त्यसबाट प्राप्त निष्कर्षलाई ग्रहण र कार्यान्वयन गर्नुपर्छ ।

३. 'सामाजिक जवाफदेहिता : मिडिया र युवाका विषयमा सरोकार भएका पक्षहरूको साझा बुझाइ तयार गरी आगामी दिनमा चालिनुपर्ने कदमबारे राष्ट्रिय युवा परिषद् र पत्रकारिता क्षेत्रका संस्थाहरूले सहकार्यमा काम गर्नुपर्छ ।

४. सञ्चार क्षेत्रमा पारदर्शी लगानीवृद्धि र सुरक्षाको सुनिश्चितता हुनुपर्छ, साथै साना तथा स्वरोजगारमूलक मिडियालाई संरक्षण गरिनुपर्छ ।

५. मिडियाले युवाका विषयमालाई थप महत्व दिएर सम्प्रेषण गर्ने पद्धतिको विकास गर्नुपर्छ । यसका लागि युवा अभियन्ता र अधिकारकर्मीहरूले पनि मिडियालाई उचित सूचना, सामग्री र समन्वयमा हातेमालो गर्नुपर्छ ।

६. युवा उद्यम, सूचना प्रविधि, नवप्रवर्तनका लागि युवाहरूलाई राज्य र गैह्रसरकारी क्षेत्रबाट प्रवर्द्धन गरिनुपर्छ ।

७. विदेशमा गएर काम गर्न बाध्य युवाहरूले पठाएको रेमिट्यान्सका साथै उनीहरूको भावना र विचारलाई मनन् गरी देश विकासका लागि योजना बनाइनुपर्छ ।

८. आजका युवालाई सुनिने, प्रश्न गर्न सक्ने र उत्तर खोज्न सक्ने नागरिक बनाउने वातावरण सिर्जना गर्नु आजको आवश्यकता हो । यस आवश्यकतालाई मिडियाले पनि उचित स्थान दिनुपर्छ भने सरकारले युवाका आवाजलाई श्रवण गरी नीति योजनामा तद्अनुसार परिमार्जन गर्नुपर्छ ।

## निष्कर्ष

कार्यक्रमका प्रमुख अतिथि, प्रस्तोता र वक्ता तथा सहभागीका भनाइको सारमा युवा र मिडियाको महत्वलाई अहिलेको समयमा अत्यन्त अहंरुपमा दर्शाइएको छ । युवालाई समस्या नभई समाधान, ऊर्जा र नवप्रवर्तनमा उपयोग गर्नुपर्नेमा जोड दिइएको छ । युवालाई शिक्षाका माध्यमबाट दक्ष जनशक्ति निर्माण आजको आवश्यकता हो भनिएको छ । मिडिया, युवा र जवाफदेहिताबारेको संवादलाई निरन्तरता दिन अत्यावश्यक रहेको पनि औंल्याइएको छ । युवा चेतनशील नभई मिडिया जिम्मेवार हुँदैन र मिडिया स्वतन्त्र र सृजनशील नभए सरकार जवाफदेही हुँदैन भन्ने कुरालाई बोध गराइएको छ । यस्तै जेनजी आन्दोलनका क्रममा सञ्चार क्षेत्रमाथि पनि भौतिक प्रहार हुनुले मिडियामाथि पनि आक्रोश रहेछ भन्ने बुझेर पत्रकारले सामग्रीमा पुनर्विचार गर्नुपर्नेमा जोड दिइएको छ ।

सञ्चारकर्मीले मिथ्या सूचना प्रवाह रोक्न भूमिका निर्वाह गर्नुपर्ने, युवाहरुका सकारात्मक काम, नवप्रवर्तनलाई उच्च महत्व दिनुपर्ने, युवाहरुलाई राष्ट्र निर्माणका लागि प्रेरित हुने खालका सामग्री सम्प्रेषण गर्नुपर्ने र युवाहरुमा पठन संस्कृति तथा राजनीतिप्रति चासो कायमै रहनुपर्ने जस्ता विषयका सरोकार भएका पक्षबीच नियमित संवाद भई योजनाबद्धरुपमा काम गर्नुपर्ने निचोष्ड पनि निकालिइएको छ । यसका लागि राष्ट्रिय युवा परिषद्, नेपाल पत्रकार महासङ्घ, स्थापित सञ्चार गृह र सङ्गठनको सक्रिय भूमिका आवश्यक रहेको सुझाव पनि दिइएको थियो ।

# अनुसूचीहरू

## अनुसूची १

## सामाजिक जवाफदेहिता: मिडिया र युवा सम्वाद
## २०८२ मंसिर २६ गते होटल हिमालय, कुपण्डोल, ललितपुर
## कार्यक्रम तालिका

| समय | सत्र | सहजीकरण |
|---|---|---|
| ०८:३० - ०९:३० | सहभागीहरूको आगमन र दर्ता<br>विहानको नास्ता | NYC and NFPPD |
| ०९:३० - ११:०० | **उद्घाटन सत्र**<br>कार्यक्रम सञ्चालन/उद्घोषण: श्री समा थापा<br>आसन ग्रहण<br>अध्यक्षता: श्री सुरेन्द्र बस्नेत, उपाध्यक्ष, राष्ट्रिय युवा परिषद्<br>प्रमुख अतिथि: माननीय जगदीश खरेल, मन्त्री, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>**अतिथिहरू**<br>• माननीय, गंगा कुमारी बेलबासे, राष्ट्रिय सभा सदस्य तथा महासचिव, जनसंख्या तथा विकासका लागि सांसदहरूको राष्ट्रिय मञ्च<br>• श्री मनिता श्रेष्ठ, सहसचिव एवं प्रवक्ता, युवा तथा खेलकुद मन्त्रालय<br>• श्री लेखनाथ पाण्डे त्रि. वि.<br>• Mr. Sriram Haridass, Country Representative, UNFPA Nepal<br>**आशन ग्रहण**<br>• श्री गेहनाथ गौतम, प्रशासकीय प्रमुख, राष्ट्रिय युवा परिषद्<br>• श्री सुनिता चौधरी, कार्यसमिति सदस्य, राष्ट्रिय युवा परिषद्<br>• श्री जोहरवी चौधरी, सदस्य, राष्ट्रिय युवा परिषद्<br>• राष्ट्रिय युवा परिषद्का कर्मचारीहरू<br>• उपस्थित सबै | |
| | • राष्ट्रिय गान<br>• युवा गीत | NYC |

| | | |
|---|---|---|
| ०९:४५ - ०९:५५ | स्वागत मन्तव्य तथा कार्यक्रमको उद्देश्य माथि प्रकाश<br>श्री गेहनाथ गौतम, सदस्य सचिव, राष्ट्रिय युवा परिषद् | |
| ०९:५५ - १०:१५ | **सामाजिक विकासः आम सञ्चार र युवा**<br>श्री लेखनाथ पाण्डे, त्रि. वि. | **Expert** |
| १०:१५ - ११:०० | मन्तव्यः<br>• UNFPA Representative<br>• श्री मनिता श्रेष्ठ, सहसचिव एवं प्रवक्ता, युवा तथा खेलकुद मन्त्रालय<br>• माननीय, गंगा कुमारी बेलबासे, राष्ट्रिय सभा सदस्य तथा महासचिव, जनसंख्या तथा विकासका लागि सांसदहरूको राष्ट्रिय मञ्च<br>• प्रमुख अतिथि माननीय जगदीश खरेल, मन्त्री, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | |
| ११:०० - ११:१५ | चिया ब्रेक | |
| ११:१५ - १२:१५ | प्यानल छलफल **(Panel Discussion)**: मिडिया युवा र जवाफदेहिता<br>**प्यानलिस्टहरूः**<br>श्री निर्मला शर्मा, अध्यक्ष, पत्रकार महासंघ तथा सदस्य, प्रेस काउन्सिल<br>डा. जगत नेपाल, उपप्राध्यपक, पत्रकारिता तथा आम सञ्चार विभाग, त्रिभुवन विश्वविधालय<br>श्री टिकाराम यात्री, वरिष्ठ सञ्चारकर्मी<br>श्री राजेन्द्र अधिकारी, युवा प्रतिनिधि | सहजकर्ता<br>श्री समा थापा |
| १२:१५ - १२:४५ | पश्नोत्तर तथा छलफल | |
| १२:४५ - १३:०० | सुझावहरू एकीकृत गर्ने र कार्यान्वयनका लागि प्रारम्भिक रोडम्याप **(roadmap)** तय गर्ने | **NYC** |
| १३:०० - १३:१५ | कार्यक्रमको समिक्षा सहित समापन मन्तव्य<br>**श्री सुरेन्द्र बस्नेत, उपाध्यक्ष, राष्ट्रिय युवा परिषद्** | |
| १३:१५ | दिउँसोको खाना | |

## अनुसूची २ Media Coverage

Nepal News | Nepal's First Online News Portal

हरेक कार्यक्रममा युवा पुस्तालाई समेट्नुपर्छ : सञ्चारमन्त्री खरेल - Bizness News - Leading Business News Portal of Nepal

Deshantar News - Home

जेनजी आन्दोलनलाई कसैले पनि नजरअन्दाज गर्न मिल्दैन : सञ्चारमन्त्री | Bishal Nepal | Nepali Online News Portal

Mountain Khabarहरेक कार्यक्रममा युवापुस्तालाई समेट्नुपर्नेमा सञ्चारमन्त्रीको जोड::

जेनजी आन्दोलनलाई छाडेर गरिने कुनै पनि संवाद र कार्यक्रम अपुरो हुन्छ : सञ्चारमन्त्री खरेल | Daily Newspaper of Nepal

'युवालाई नेतृत्वमा ल्याउन तयार नभई सुखै छैन' « Deshko News

communication minister of jagadish kharelहरेक कार्यक्रममा युवापुस्तालाई समेट्नुपर्नेमा सञ्चारमन्त्रीको जोड - GlobalNagarik GlobalNagarik

जेनजी युवाले चाहेमा २७ घण्टाभित्र कायापलट हुन सक्छ भन्ने देखाए : सञ्चारमन्त्री खरेल | Nagarik News

हरेक कार्यक्रममा युवापुस्तालाई समेट्नुपर्नेमा सञ्चारमन्त्रीको जोड - NepalKhoj

हरेक कार्यक्रममा युवापुस्तालाई समेट्नुपर्नेमा सञ्चारमन्त्रीको जोड - सार्वजनिक सेवा प्रसारण संस्था

हरेक कार्यक्रममा युवापुस्तालाई समेट्नुपर्नेमा सञ्चारमन्त्रीको जोड « Narayanionline.com

हरेक कार्यक्रममा युवापुस्तालाई समेट्नुपर्नेमा सञ्चारमन्त्रीको जोड « Surya Khabar

युवाले केही गर्न सक्दैनन् भन्ने भ्रम जेनजी आन्दोलनले तोडिदिएको छः मन्त्री खरेल - Hamro Artha - Nepal's Leading Economic News Portal

मुलुकका युवाको भविष्य राजनीतिमा उज्ज्वल छ : सञ्चारमन्त्री - Sagarmatha Post

जेनजी आन्दोलनलाई छाडेर गरिने कुनै पनि कार्यक्रम अपुरो हुन्छः सञ्चारमन्त्री खरेल

आजको समय मात्रै होइन, हिजो र भोलिको समय पनि युवा पुस्ताकै हो : सञ्चारमन्त्री खरेल - Aarthik Dainik

'युवालाई नेतृत्वमा ल्याउन तयार नभई सुखै छैन'

नेपाली राजनीतिमा युवाहरूको दबदबा हुन्छ : सञ्चारमन्त्री - Online Khabar

**https://www.reportersnepal.com/2025/12/1153697/**

# हरेक कार्यक्रममा युवापुस्तालाई समेट्नुपर्नेमा सञ्चारमन्त्रीको जोड



रिपोर्टर्स डेस्क **December 12, 2025 12:55 pm**

काठमाडौँ, २६ मङ्सिर । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले हरेक कार्यक्रममा युवापुस्तालाई समेट्नुपर्नेमा जोड दिएका छन् । साथै उनले जेनजी आन्दोलनलाई छाडेर गरिने कुनै पनि संवाद र कार्यक्रम अपुरो हुने बताए ।

राष्ट्रिय युवा परिषद्द्वारा आज आयोजित 'सामाजिक जवाफदेहिताः मिडिया र युवा संवाद' विषयक कार्यक्रममा मन्त्री खरेलले गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनलाई सरकार र जेनजी प्रतिनिधिबिचको सम्झौतामा जनआन्दोलनको मान्यता दिइसकिएकाले त्यस आन्दोलनलाई कसैले पनि नजरअन्दाज गर्न नमिल्ने बताएका हुन् ।

"अबको समय मात्रै होइन, हिजो र भोलिको समय पनि युवाकै हो । युवाले केही गर्न सक्दैनन् भन्ने भ्रम जेनजी आन्दोलनले तोडिदिएको छ । उनीहरुले परिवर्तनका लागि बलिदान दिन सक्छन् भन्ने देखाएका छन्", सरकारका प्रवक्ता खरेलले भने, "हरेक चरणका आन्दोलनमा युवाको भूमिका रहँदै आएको छ । युवाले चाहेमा २७ घण्टामा कायापलट हुन सक्छ भनेर प्रमाणित गरे तर यसपटक जेनजीहरु सरकारमा आउन चाहेनन् । त्यसकारण यो निःस्वार्थ आन्दोलन हो । उनीहरु आफू सत्तामा आउन चाहेनन्, सुशासन र रोजगारीको माग मात्रै गरे ।"

उनले जेनजी आन्दोलनलाई छाडेर गरिने कुनै पनि संवाद अपुरो हुने भन्दै युवा नेतृत्वमा आउनुपर्नेमा जोड दिए । उनले नेपाली राजनीतिमा अब युवाको दबदबा हुनेवाला भएको र त्यसलाई कसैले रोकेर नरोकिने भनाइ व्यक्त गरे ।

"अब हरेक राजनीतिक पार्टीले युवालाई नेतृत्वमा ल्याउन तयार नभई सुखै छैन । मुलुकका युवाको भविष्य राजनीतिमा उज्ज्वल छ ।"
मन्त्री खरेलले निकट भविष्यमा हुने राजनीतिक दलको महाधिवेशनमा कति युवा आउँछन् ? आगामी फागुन २१ गते हुने चुनावमा कति प्रतिशत युवाले टिकट पाउँछन् ? भन्ने प्रश्नले ती

दल कत्तिको युवामैत्री छन् भन्ने झल्कने बताउँदै उनले अब युवा कुनै वादको बन्धक नभई अधिकार लिने र देश बनाउने अभियानमा लाग्नुपर्नेमा जोड दिए । सञ्चार क्षेत्रले पनि यस आयामलाई बोक्न सक्नुपर्ने बताउँदै उनले मुलुक परिवर्तनको बाटोमा सरकारको साथ रहने प्रतिबद्धता व्यक्त गरे ।

राष्ट्रियसभाका सदस्य एवं जनसङ्ख्या एवं विकासका लागि संसदीय सञ्जालका महासचिव गङ्गाकुमारी बेलवसेले युवालाई समस्या नभई समाधान, ऊर्जा र नवप्रवर्तनमा उपयोग गर्नुपर्नेमा जोड दिए ।

युवा तथा खेलकुद मन्त्रालयका सहसचिव मनिता श्रेष्ठले शिक्षाका माध्यमबाट दक्ष जनशक्ति निर्माण आजको आवश्यकता भएको बताइन् ।

संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या विकास कोषका नेपाल प्रतिनिधि श्रीराम हरिदासले मिडिया, युवा र जवाफदेहिताबारेको संवादलाई निरन्तरता दिन अत्यावश्यक भएको बताए।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले जेनजी आन्दोलनमा सञ्चार क्षेत्रमाथि पनि भौतिक प्रहार हुनुले मिडियामाथि पनि आक्रोस रहेछ भन्ने बुझेर सामग्रीमा पुनर्विचार गर्नुपर्नेमा जोड दिइन् । रासस

# अनुसूची ३ सहभागीहरुको उपस्थिति

Program/Project Name: Strengthening Parliamentary Engagement on GBV and SRHR to Advance the ICPD Agenda

EVENT ATTENDANCE SHEET (कार्यक्रम हाजिरी फारम)

Name of the Event (कार्यक्रमको नाम): Social Responsibility: Media And Youth Dialogue | Activity Code (क्रियाकलाप कोड): AYCSENFPPD3 | Fund Code (फन्ड कोड): FPA90 | Start Date (सुरु मिति): 12th December | End Date (अन्तिम मिति): | Organizer (कार्यक्रम आयोजक):

Province (प्रदेश): Bagmati | District (जिल्ला): Lalitpur | Local Level (स्थानीय तह): | Ward/टोल (Tole): | Event Venue (कार्यक्रम भएको स्थान): Hotel Himalaya

Part A: Participant Details (सहभागीहरुको विवरण)

| S.N. | सहभागीको नाम Participant's Name | कार्यालय/विद्यालय Office/school | पद Position | सम्पर्क नम्बर Phone Number | इमेल Email | Age (उमेर) Below 15 | 15-19 | 20-24 | 25-49 | 50+ | Sex M/F/Other (लिङ्ग) | जातजाति/सामाजिक समूह Ethnicity/Social* | Disability/Type अपाङ्गताप्रकार** | Signature (हस्ताक्षर) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | श्री सुरेन्द्र बस्नेत | NYC | उपाध्यक्ष | | | | | | ✓ | | M | 7 | | |
| 2 | मा. जगदिश खरेल | MOCIT | मा. मन्त्री | | | | | | ✓ | | M | 7 | | |
| 3 | Mr Sriram Haridass | UNFPA | Country Representative | | | | | | ✓ | | M | | | |
| 4 | श्री. सरिता श्रेष्ठ | MOYS | सहसचिव | | | | | | ✓ | | F | 3 | | |
| 5 | [illegible] | NYC | प्रशासकीय प्रमुख | | | | | | | ✓ | M | 7 | | |
| 6 | Sunita Chaudhary | " | Alternative Member | | | | | | ✓ | | F | 4 | | |
| 7 | Jaharabi Chaudhary | " | Board Member | | | | | ✓ | | | F | 4 | | |
| 8 | [illegible] | पत्रकार | प्रमुख | | | | | | ✓ | | M | 7 | | |
| 9 | नवराज अधिकारी | शान्ति मिडिया | [illegible] | | | | | | ✓ | | M | 7 | | |
| 10 | Nirmala Sharma | FNJ | President | | | | | | | ✓ | F | 7 | | |
| 11 | Abhiram Roy | UNFPA | Analyst | | | | | | ✓ | | M | 4 | | |
| 12 | Anamika Rai | NFPPD | PC | 9865024817 | | | | | ✓ | | F | 3 | | |
| 13 | Sabin Neupane | NFPPD | AFO | 9846760252 | | | | | ✓ | | M | 7 | | |
| 14 | Hira Adhikari | NFPPD | Assistant | 9843728715 | | | | | ✓ | | F | 7 | | |
| 15 | Pabitra Pandey | FNJ | member | 9848919130 | | | | | ✓ | | F | 7 | | |
| 16 | Yagya Raj Acharya | RSS | Camera Person | 9745707597 | — | | | | ✓ | | M | 7 | — | |
| 17 | Kushal Baskota | NNB | Camera person | 9862796341 | | | | ✓ | | | M | 7 | | |
| 18 | Surya Pandey | Harshapatra | Reporter | 9841610902 | | | | | ✓ | | M | 7 | | |
| 19 | Raj Kumar Rangal | — | — | 9841204581 | | | | | ✓ | | M | 7 | | |
| 20 | Samiksha Shrestha | SoCHAI | Intern | 9867749010 | | | | | ✓ | | F | 3 | | |
| 21 | Prabriti Karki | SOCHAS | Intern | 9862414091 | | | | ✓ | | | F | 7 | | |
| 22 | Prabin Kadka | FPAN | Youth Manager | 9841335286 | | | | | ✓ | ✓ | M | 7 | N | |
| 23 | Pabitra Ghimire | MOCIT | Section Officer | 9841893568 | | | | | | ✓ | F | 7 | | |
| 24 | Rohan Das | YUWA | Member | 9843815353 | | | | ✓ | | | M | 5 | | |
| 25 | Prabesh Silwal | RSS | | 9851157053 | | | | ✓ | | | M | 7 | | |
| 26 | Shriti Saud | WOREC | Program officer | 9863484894 | database@worecnepal.org | | | | ✓ | | F | 7 | — | |
| 27 | Deepak Acharya | CIN ACORAB | Manager | 9841855813 | cindeepak@gmail.com | | | | ✓ | | M | 7 | | |
| 28 | Kamal Tara Bajracharya | Freelancer | | 9851071137 | lotusbaj@gmail... | | | | ✓ | | F | 3 | | |
| 29 | Raj Karki | NYC | [illegible] | 9851054714 | | | | | ✓ | | M | 7 | | |
| 30 | Aarohi Adhikari | Yuwalaya | Program officer | 9862268920 | aarohi.yuwalaya@gmail.com | | | ✓ | | | F | 7 | — | |
| 31 | Ritambhara Sharma | Yuwalaya | MEAL officer | 9843807752 | ritambhara.yuwalaya... | | | ✓ | | | F | 7 | - | |
| 32 | Srishty Singh Tandon | YUWA | OCF officer | 9862915320 | srishti@yuwanepal.org | | | | ✓ | | F | C | | |
| 33 | Nishant Kumar | Y-PEER Nepal | N.C | 9807895615 | nishant ypeernepal@gmail... | | | | ✓ | | M | 5 | | |
| 34 | Safalta Maharjan | Y-PEER Nepal | C. Coordinator | 9861935630 | safaltamr07@gmail.com | | | ✓ | | | F | 3 | | |
| 35 | Ramesh Bajracharya | CNN | Co-Operator | 9841223626 | | | | | ✓ | | M | 3 | | |

*1 - पहाडी दलित (Hill Dalit) | 2 - तराई दलित Terai Dalit) | 3 - पहाडी जनजाति (Hill Janajati) | 4 - तराई जनजाति (Teraai Janajati) | 5- मधेसी (Madheshi) | 6- मुस्लिम (Mushlim) | 7- ब्राह्मण/क्षेत्री

**1. No disability |2. Physical |3. Vision |4. Hearing |5. Deaf and blind |6. Speech |7. Mental |8. Intellectual |9. Haemophilia ...

| क्र.सं. | सहभागीको नाम Participant's Name | कार्यालय/विद्यालय Office/school | पद Position | सम्पर्क नम्बर Phone Number | इमेल Email | Age (उमेर) (Tick your age group) आफ्नो उमेर समूहमा चिन्ह लगाउनु होस Below 15 | 15-19 | 20-24 | 25-49 | 50+ | Sex (लिङ्ग) M/F /Other (म/पु/अ) | जातजाति/ सामाजिक समूह Ethnicity/ Social | Disability /Type अपाङ्गता/प्रकार ** | Signature (हस्ताक्षर) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 36 | Anish Chaudhary | NYC | | 9847103148 | | | | ✓ | | | M | 4 | ✓ | |
| 37 | Nikhil Shaychhen | NYC | | 9745512205 | | | ✓ | ✓ | | | M | 4 | ✓ | |
| 38 | Kasna Kanwar | NYC | U.S. | 9857822012 | | | | | ✓ | | M | 7 | | |
| 39 | Biswash Rdog Mayn | NYC | US | 9849727686 | | | | | ✓ | | M | 3 | | |
| 40 | Nawaraj Nirovla | NYC | U.S | 9841883040 | | | | | | ✓ | M | 7 | | |
| 41 | Mira Kafle | NYC | C.O. | 9843639407 | | | | | ✓ | | F | 7 | | |
| 42 | Ram Gurafain | NFPPD | ED | 9851033122 | | | | | | ✓ | M | 7 | | |
| 43 | Manita Shrestha | MoYS | J S | | | | | | ✓ | | F | 3 | | |
| 44 | Prakash pandey | nepal police | ASP. | 9840012570 | | | | | ✓ | | M | 7 | | |
| 45 | Surya Adhikari | Radio Nepal | व. अ. | 9842077188 | | | | | ✓ | | F | 7 | | |
| 46 | Narayan Giri | youth Nep Cedonher | chair | 9851125448 | | | | | ✓ | | M | 7 | | |
| 47 | Anil Kumar Sah | youth and sport Ministry | legal Advisor | 9840349555 | anilsah341 @gmail.com | | | ✓ | | | M | 5 Madhesi | | |
| 48 | Gokul Bhusal | NYC | | 9841482487 | | | | | ✓ | | M | 3 | | |
| 49 | Rajendra Adhikari | Youth Representative | | 9848119202 | | | | | ✓ | | M | 7 | | |
| 50 | Dr. Jagat Nepal | | | | | | | | | ✓ | M | 7 | | |
| 51 | Rasesh Mainali | NYC | | 985499118 | | | | | ✓ | | M | 7 | | |
| 52 | Rumesh Paudyal | Neptune | | 9841201570 | | | | | ✓ | | M | 7 | | |

1- पहाडी दलित (Hill Dalit) | 2- तराई दलित (Terai Dalit) | 3- पहाडी जनजाती (Hill Janajati) | 4- तराई जनजाती (Terai Janajati) | 5- मधेशी (Madheshi) | 6- मुस्लिम (Mushlim) | 7- ब्राह्मण/क्षेत्री (Brahmin/Chhetri) | 8- अन्य (Other) |
**1 No disability |2 Physical |3 Vision |4 Hearing |5 Deaf and blind |6 Speech |7 Mental |8 Intellectual |9 Haemophilia |10 Autism |11 Multiple |12 Others|

| क्र.सं. | सहभागीको नाम Participant's Name | कार्यालय/विद्यालय Office/school | पद Position | सम्पर्क नम्बर Phone Number | इमेल Email | Age (उमेर) (Tick your age group) आफ्नो उमेर समूहमा चिन्ह लगाउनु होस Below 15 | 15-19 | 20-24 | 25-49 | 50+ | Sex (लिङ्ग) M/F /Other (म/पु/अ) | जातजाति/ सामाजिक समूह Ethnicity/ Social | Disability /Type अपाङ्गता/प्रकार ** | Signature (हस्ताक्षर) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 53 | Amrit Chimariya | Rotorakin | Reporter | 9845614354 | Chimeuriya... | | | | ✓ | | M | 7 | | |
| 54 | Shobita Rishal | Media Passionate foundation | program producer | 9841874710 | rshalsobi@ gmail.com | | | | ✓ | | F | 7 | | |
| 55 | Krishna Shrestha | Sarokar TV | Camera Person | 9860187504 | Krishnashres20@ gmail.com | | | | ✓ | | M | 3 | | |
| 56 | Naresh Maharjan | NYC | staff | 9860468088 | | | | | ✓ | | M | 3 | | |
| 57 | Bikram Shrestha | युवा तथा खेलकुद मन्त्रालय | staff | 9861135179 | | | | | ✓ | | M | 3 | | |
| 58 | Joharabi Chaudhary | National Youth Council | Member | 9840173739 | | | | ✓ | | | F | 4 | | |
| 59 | Sunita Chaudhary | National Youth Council | Member | 9841452417 | | | | | ✓ | | F | 4 | | |
| 60 | Ramila mainali | NYC | AO | 9843181653 | | | | | ✓ | | F | 7 | | |
| 61 | Bal Kumar Shrestha | NYC | officer | 9841479958 | bal21kumar @gmail.com | | | | ✓ | | M | 3 | | |
| 62 | Mohammad A. Rahaman | Nepal UNITES | National Director | 9849667153 | mdayubella sols@gmail | | | | ✓ | | M | 6 | | |
| 63 | Sairus Sharma | Youth and Sports Ministry | Legal Counsel | 9860478171 | sharmasairus@gmail.com | | | | ✓ | | M | 7 | | |
| 64 | Himal Bista | Local Youth Council | Vice President | 9851350185 | bisthimal0 @gmail.com | | | ✓ | | | M | 7 | | |
| 65 | गीता कुमारी वेलवासे | राष्ट्रियसभा | सदस्य | | | | | | | ✓ | F | 7 | | |
| 66 | Ramesh Dulal | Radio Kantipur | Sub-Editor | 9851053179 | ramesh.soltre @gmail.com | | | | ✓ | | M | 7 | | |
| 67 | Keshab Bhul | Nepal Press | 〃 | 9851174252 | keshabbhul@ gmail.com | | | | ✓ | | M | 1 | | |
| 68 | Aakriti Maharjan. | Visible Impact | CSE Focal Person | 9861520499 | aakriti.maharjan @visim.org | | | ✓ | | | F | 3. | +. | |
| 69 | Bishnu Pd. Bhattarai | Mid Valley SS/College | youth | 9762108075 | bishnubhattarai @gmail.com | | ✓ | | | | M | 7 | | |

1- पहाडी दलित (Hill Dalit) | 2- तराई दलित (Terai Dalit) | 3- पहाडी जनजाती (Hill Janajati) | 4- तराई जनजाती (Terai Janajati) | 5- मधेशी (Madheshi) | 6- मुस्लिम (Mushlim) | 7- ब्राह्मण/क्षेत्री (Brahmin/Chhetri) | 8- अन्य (Other) |
**1 No disability |2 Physical |3 Vision |4 Hearing |5 Deaf and blind |6 Speech |7 Mental |8 Intellectual |9 Haemophilia |10 Autism |11 Multiple |12 Others|

| क्र.सं. | सहभागीको नाम Participant's Name | कार्यालय/विद्यालय Office/school | पद Position | सम्पर्क नम्बर Phone Number | इमेल Email | Age (उमेर) (Tick your age group) आफ्नो उमेर समूहमा चिन्ह लगाउनु होस Below 15 | 15-19 | 20-24 | 25-49 | 50+ | Sex (लिङ्ग) M/F /Other (म/पु/अ) | जातजाति/ सामाजिक समूह Ethnicity/ Social | Disability /Type अपाङ्गता/प्रकार ** | Signature (हस्ताक्षर) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 70 | Neha Malla | SOCHAI | Co-founder | 9801888843 | neha@ sochai.org | | | | ✓ | | F | 3 | — | |
| 71 | Santosh GB | CIN | | 9851156861 | | | | | ✓ | | M | 7 | | |
| 72 | Apekchya Rana Khatri | UNFPA | | 9801247850 | khatri@unfpa.org | | | | ✓ | | F | 3 | | |
| 73 | Arati Sharma | NYC Youthnet | president | 9808949859 | getmukta@gmail | | | | ✓ | | F | 7 | | |
| 74 | Bimal Acharya | NYC | Youth Network | 9841504635 | itsbimal11 @gmail.com | | | ✓ | | | M | 7 | | |
| 75 | Samika Thapa | NYC | | 9763977038 | sumikathapa...@gmail.com | | | ✓ | | | F | 7 | | |
| 76 | Sophie Sangat | FFTF | Executive Director | 9841324324 | sophie@fftf. org | | | | ✓ | | F | 7 | | |
| 77 | Sudip Chaudhary | AIF | Social media | 9766330655 | csudip fos @gmail.com | | | ✓ | | | M | 4 | | |
| 78 | Tarapati Kharel | NYC | Under Secretary | 9845471852 | tarapati.kharel@gmail.com | | | | | | M | 7 | | |
| 79 | Rajan Shakya | | | | | | | | ✓ | | M | 3 | | |
| 80 | Pawan Danawar | | | | | | | | ✓ | | M | 3 | | |
| 81 | Rohit Dahal | YI-Lab/NYC | Program coordinator | 9802344220 | rohit.dahal@...com | | | | ✓ | | M | 7 | | |
| 82 | Rashmi Chuyel | YI-lab/NYC | program officer | 9860473464 | rashmi@ youthinnovationlab.org | | | | ✓ | | F | 3 | | |
| 83 | Teena Yadav | YAN | Board | 9805518440 | | | | ✓ | | | F | 5 | | |
| 84 | Sankalpa B.K. | NAN | Reporter | 9806506782 | | | | ✓ | | | F | 1 | | |
| 85 | | | | | | | | | | | | | | |
| 86 | | | | | | | | | | | | | | |

1- पहाडी दलित (Hill Dalit) | 2- तराई दलित (Terai Dalit) | 3- पहाडी जनजाती (Hill Janajati) | 4- तराई जनजाती (Terai Janajati) | 5- मधेशी (Madheshi) | 6- मुस्लिम (Mushlim) | 7- ब्राह्मण/क्षेत्री (Brahmin/Chhetri) | 8- अन्य (Other) |

अनुसूची ४

तस्वीरहरू




कार्यक्रमका अतिथि दीर्घा



प्रमुख अतिथिसहित कार्यक्रमका सहभागी



प्यानल छलफलका चल्दै


सहभागीहरू